# देउमाई नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को बजेट वक्तव्य

नगर सभाका सभाध्यक्षज्यू,
सभाका सदस्यज्यूहरू,
राष्ट्रसेवक कर्मचारी, सञ्चारकर्मी तथा उपस्थित महानुभावहरू,

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ ले प्रत्यायोजित अधिकार अनुसार देउमाई नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को आय–व्यय अनुमान, बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यहाँहरू समक्ष प्रस्तुत गर्न पाउँदा म गौरवान्वित छु।

संघीयता पश्चात्को दोस्रो स्थानीय तह निर्वाचनबाट निर्वाचित हामी जनप्रतिनिधिहरूको यो अन्तिम बजेट तर्जुमा सँग सम्बन्धित सभा रहेको छ। सीमित स्रोत, जटिल भौगोलिक अवस्था तथा प्राकृतिक एवं मानव सिर्जित विभिन्न प्रकोपका बाबजुद हामीले चार आर्थिक वर्षको नीति तथा कार्यक्रम तय गरी बजेट विनियोजन मार्फत अधिकतम उपलब्धि हासिल गर्ने प्रयास गरेका छौँ।

स्थानीय समस्या र आवश्यकताहरूको सम्बोधनका लागि नागरिकले अनुभूति गर्न सक्ने गरी सरकारको उपस्थिति सुनिश्चित गराउन स्थानीय तहले विभिन्न योजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने नीतिगत एवं कानुनी प्रावधान बमोजिम देउमाई नगरपालिकाको समृद्धि तथा विकासका लागि विभिन्न कार्यक्रम प्रस्ताव गरेको छु। नेपाल सरकारले स्थानीय तहलाई प्रदान गर्ने अनुदान रकममा कटौती गरेको, स्थानीय करको दायरा संकुचित भएको तथा आन्तरिक आय न्यून उपलब्ध भएकाले नागरिकका अपेक्षा र जनप्रतिनिधिले गरेका वाचा बीच उचित संयोजन गर्न नसकिएको भए तापनि स्थानीय जनताको प्राथमिकता र आवश्यकता अनुसार नै योजना तर्जुमा गरिएको हुँदा जनताको आवश्यकता तथा स्थानीय सम्भावनाको उचित उपयोग हुने गरी बजेट तथा कार्यक्रम तर्जुमा गरिएको विश्वास दिलाउन चाहन्छु।

**सभा अध्यक्षज्यू,**

म चालु आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रमको सारांश समीक्षा गर्न चाहन्छु।

हामीले यस आर्थिक वर्षमा धेरै ठूला कठिनाइ तथा परिवर्तनहरूको सामना गर्यौँ। भदौमा भएको आन्दोलन र त्यसपश्चात् विकसित राजनीतिक तथा सामाजिक परिवेश, असोजमा भएको भीषण वर्षात् तथा त्यसबाट उत्पन्न विपत्ति, फागुनमा भएको निर्वाचन र संशोधित जनादेश तथा सरकार परिवर्तन, यसै वर्ष भएको इरान–अमेरिका युद्ध, मध्यपूर्वको तनाव तथा मूल्यवृद्धि र अभावका कारण हामीले अपेक्षित उपलब्धि हासिल गर्न सहज रहेन।

कुल रु. ८३ करोड १४ लाख ३४ हजार विनियोजन रहेकोमा जेठ मसान्त भित्र रु. ४४ करोड ३ लाख ९९ हजार मात्र खर्च हुन सकेको छ । कुल रु. ५ करोड ४१ लाख ७२ हजार आन्तरिक आम्दानीको लक्ष्य राखिएकोमा हाल सम्म रु. ३ करोड ३६ लाख ६२ हजार मात्र संकलन भएको छ ।

व्ययतर्फ चालु खर्चमा रु. ५६ करोड १० लाख र पुँजीगत खर्चमा रु. २७ करोड ४ लाख अनुमान गरिएकोमा हालसम्म क्रमश रु. ३७ करोड ८० लाख र रु. ६ करोड २३ लाख मात्र खर्च भएको छ।

**आदरणीय सभाध्यक्षज्यू,**

अब म आ.व. २०८३/०८४ को बजेटका मुख्य प्राथमिकता र उद्देश्यहरू प्रस्तुत गर्न चाहन्छु ।

आगामी आर्थिक वर्ष हाम्रो कार्यकालको अन्तिम वर्ष रहेको छ। यस परिप्रेक्ष्यमा आगामी आर्थिक वर्षको बजेटका प्राथमिकता र उद्देश्य निम्न बमोजिम रहेकाछन् ।

१. निर्माणाधीन तथा सम्पन्न गर्नुपर्ने योजनालाई प्राथमिकता,
२. विपद् बाट हुन सक्ने क्षति न्यूनीकरण तथा विपद् उत्थानशीलताको विकास,
३. सामाजिक समावेशीकरण,
४. रोजगारी सिर्जना, उद्यमशीलता विकास तथा गरिबी न्यूनीकरण,
५. अन्तरपालिका सडक तथा रणनीतिक सडकलाई प्राथमिकीकरण,
६. कृषि तथा आम्दानीमूलक क्षेत्रमा लगानी,
७. जनसुनुवाई तथा सरोकारवालाको प्राथमिकतालाई सम्बोधन,
८. गुणस्तरीय तथा प्रविधिमैत्री शिक्षा,
९. स्वास्थ्य सेवामा पहुँच तथा गुणस्तर वृद्धि,

अब म आर्थिक वर्ष २०८३/०८४ मा देउमाई नगरपालिकाको आय तर्फको स्रोतगत अनुमान प्रस्तुत गर्न चाहन्छु।

१. आन्तरिक राजस्वबाट – रु. ४ करोड ७८ लाख २७ हजार

२. संघीय सरकारबाट प्राप्त हुने अनुदान रकम

- सशर्त अनुदानतर्फ – रु. ३२ करोड २० लाख
- वित्तीय समानीकरण अनुदानतर्फ – रु. ११ करोड ९२ लाख
- समपूरक अनुदानतर्फ – रु. ७० लाख

▪ विशेष अनुदानतर्फ – रु. ८२ लाख
जम्मा रु. ४५ करोड ६४ लाख

३. कोशी प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम

▪ सशर्त अनुदानतर्फ – रु. १ करोड ७२ लाख २६ हजार

▪ वित्तीय समानीकरण अनुदानतर्फ – रु. १ करोड ८ लाख ५५ हजार

▪ समपूरक अनुदानतर्फ – रु. ९९ लाख
जम्मा रु. ३ करोड ८० लाख ८१ हजार

४. बाँडफाँडबाट प्राप्त राजस्व रकम

▪ संघीय राजस्व बाँडफाँडबाट प्राप्त हुने – रु. १० करोड ४२ लाख ७४ हजार

▪ प्रदेश राजस्व बाँडफाँडबाट प्राप्त हुने – रु. ८५ लाख ६३ हजार

▪ संघीय सरकारबाट प्राप्त हुने रोयल्टी – रु. ९ लाख ३० हजार

▪ स्थानीय राजस्व बाँडफाँडबाट प्राप्त हुने – रु. ६० लाख
जम्मा रु. ११ करोड ९७ लाख ६७ हजार

५. सञ्चित कोषमा मौज्दात हुने अनुमान – रु. १२ करोड ५० लाख

कुल जम्मा आय रु. ७८ करोड ७० लाख ८६ हजार हुने लक्ष्य प्रस्ताव गरेको छु।

माथि प्रस्तुत गरिएको कुल आय रु. ७८ करोड ७० लाख ८६ हजारलाई निम्न बमोजिमका क्षेत्रहरूमा बजेट प्रस्ताव गरेको छु।

तपसिलः

१. पूर्वाधार विकासतर्फ – रु. १५ करोड ४५ लाख १३ हजार
२. सामाजिक विकासतर्फ – रु. ४३ करोड ३ लाख २७ हजार
३. आर्थिक विकासतर्फ – रु. ३ करोड ६६ लाख ३० हजार
४. संस्थागत विकास, सेवा प्रवाह तथा सुशासनतर्फ – रु. ३ करोड ७७ लाख २ हजार
५. कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चतर्फ – रु. १२ करोड ७९ लाख १४ हजार

**आदरणीय सभाध्यक्षज्यू,**

अब म वडागत, विभिन्न विषयगत शाखा तथा नगर कार्यपालिकाको कार्यालयको बजेट विनियोजन प्रस्तुत गर्न चाहन्छु।

देउमाई नगरपालिका भित्रका नौ वटै वडामा चालु तथा प्रशासनिक खर्चका लागि ९/९ लाखका दरले रु. ८१ लाख तथा पुँजीगत तर्फ जनसङ्ख्या, भौगोलिक क्षेत्रफल, आन्तरिक राजस्व संकलनको अवस्था लगायतका आधारमा कुल रु. ४ करोड ८५ लाख विनियोजन गरेको छु ।

आगामी आर्थिक वर्षका लागि आयुर्वेद तथा स्वास्थ्य सेवाका लागि रु. १ करोड २४ लाख १३ हजार विनियोजन गरेको छु ।

कृषि तथा पशुपन्छी विकासका लागि रु. १ करोड १९ लाख विनियोजन गरेको छु ।

शिक्षा, युवा तथा खेलकुद विकासका निम्ति कुल रु. ४ करोड ३६ लाख ५० हजार विनियोजन गरेको छु ।

नगरपालिका चालु खर्चका लागि रु. १६ करोड ८८ लाख ४८ हजार विनियोजन गरेको छु ।

देउमाई नगरपालिका अन्तर्गत पुँजीगत खर्चका लागि कुल रु. १८ करोड १२ लाख ५० हजार विनियोजन गरेको छु ।

**सभाध्यक्षज्यू,**

अब म आ.व. २०८३/०८४ का क्षेत्रगत मुख्य–मुख्य क्रियाकलापहरूको विनियोजन प्रस्तुत गर्न चाहन्छु।

**१. पूर्वाधार तथा सडक विकास अन्तर्गत** नगरपालिका भित्रका सडक सञ्जालको विस्तार, स्तरोन्नति तथा नियमित मर्मतका लागि विशेष प्राथमिकता दिई बजेट विनियोजन गरेको छु ।

बोहोरिबोटे–बारुङ–गजुरमुखी सडकका लागि रु. १ करोड ९८ लाख, इलाका प्रहरी कार्यालय–रक्से सडकका लागि रु. १ करोड ४० लाख, मंगलबारे–विन्दुले–देउराली सडकका लागि रु. १५ लाख तथा विभिन्न खेलमैदान निर्माणका लागि रु. ३० लाख विनियोजन गरेको छु ।

**२. खानेपानी तथा सिँचाइका लागि** विभिन्न सिँचाइ कुलो निर्माण तथा मर्मत कार्यका लागि रु. ८२ लाख विनियोजन गरेको छु । स्वच्छ खानेपानीको प्रत्याभूति गराउन खानेपानी आयोजना तथा पाइप खरिद–वितरणका लागि कुल रु. १ करोड १९ लाख विनियोजन गरेको छु ।

**३. पर्यटनलाई आर्थिक समृद्धिको आधार बनाउन** नगरपालिका भित्रका पर्यटकीय गन्तव्यहरूको भौतिक सुधार, पदमार्ग निर्माण तथा पर्यटकीय गन्तव्य विकास अध्ययनका लागि बजेट विनियोजन गरेको छु। कुईभिर नागेश्वरी, रत्नगुफा तथा पानीटारलाई पर्यटकको गन्तव्य बनाउन संरचनात्मक सुधार गरिनेछ ।

**४. शिक्षालाई गुणस्तरीय, प्रविधिमैत्री तथा प्रतिस्पर्धी बनाउन** नगर शिक्षक व्यवस्थापन, खान्द्रुङ माध्यमिक विद्यालयमा विज्ञान सङ्काय सञ्चालन तथा विद्यालय स्वास्थ्य स्वयंसेवक कार्यक्रमलाई निरन्तरता दिन बजेट व्यवस्था गरेको छु । नगर शिक्षा आवधिक योजनाअनुरूप नगरभित्रका विद्यालयहरूको संरचनात्मक सुधारका लागि पर्याप्त बजेट विनियोजन गरेको छु ।

**५. स्वास्थ्य सेवामा पहुँच तथा गुणस्तर वृद्धि गर्न** ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई अर्धवार्षिक रूपमा घर–घरमै निःशुल्क स्वास्थ्य परीक्षण तथा परामर्श सेवा उपलब्ध गराउन आवश्यक बजेटको व्यवस्था गरेको छु । निर्माणाधीन नगर अस्पतालको निर्माण सम्पन्न गर्न तथा अग्नि सुरक्षा प्रणाली जडान गर्न बजेट व्यवस्था गरेको छु ।

एम्बुलेन्स सेवा सञ्चालन, सेनिटरी प्याड वितरण, क्षयरोगमुक्त पालिका अभियान कार्यक्रम तथा विभिन्न विशेषज्ञ सहितका स्वास्थ्य शिविर सञ्चालनका लागि बजेट विनियोजन गरेको छु।

मिर्गौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी तथा मेरुदण्ड पक्षघातका बिरामीहरूलाई औषधि उपचार खर्चबापत मासिक रु. ५ हजारका दरले उपलब्ध गराउन रु. ४० लाख विनियोजन गरेको छु।

**६. समावेशी विकास सुनिश्चित गर्न** निर्माणाधीन अपाङ्ग भवन तथा दलित भवन निर्माण सम्पन्न गर्ने गरी बजेट व्यवस्था गरेको छु। ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रका लागि बजेट व्यवस्थापन गरेको छु ।

महिला सीप विकास कार्यक्रम, आदिवासी जनजाति क्षमता विकास कार्यक्रम, दलित लक्षित सीप विकास कार्यक्रम, बालबालिका तथा बालक्लब कार्यक्रम, अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमलाई निरन्तरता दिन बजेट व्यवस्था गरिएको छ। किशोरी सशक्तीकरण कार्यक्रमका लागि समेत बजेट विनियोजन गरेको छु ।

**७. युवा स्वरोजगार तथा उत्पादनमुखी अर्थतन्त्र निर्माणका निम्ति** सीप विकास तथा रोजगार प्रवर्द्धन कार्यक्रमका लागि रु. ७३ लाख तथा सुरक्षित आप्रवासन कार्यक्रमका लागि रु. १८ लाख विनियोजन गरेको छु ।

उत्पादित कृषि उपजको संरक्षण, प्रवर्द्धन तथा बजारीकरणका लागि चिस्यान केन्द्र निर्माणमा रु. १ करोड २० लाख विनियोजन गरेको छु। कफी, किवी, अकबरे, बेसार, अदुवा, आलु, छुर्पी, मौरी लगायतका उत्पादनमा अनुदान तथा बजारसम्म पहुँच विस्तारका लागि पर्याप्त बजेट विनियोजन गरेको छु ।

खोरेतमुक्त पालिका घोषणाका लागि कुल रु. १४ लाख विनियोजन गरेको छु ।

**८. विपद् व्यवस्थापन तथा वातावरण संरक्षणका** लागि उचित बजेट व्यवस्था गरेको छु ।

**९. सुशासन तथा डिजिटल सेवा प्रवाहलाई सुदृढ बनाउन** ई–हाजिरी प्रणाली व्यवस्थापन, सूचना प्रविधि उपकरण खरिद तथा व्यवस्थापन, कृत्रिम बुद्धिमत्ता (AI) सम्बन्धी तालिम कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन गरेको छु ।

**१०. धार्मिक, सांस्कृतिक तथा सामुदायिक पूर्वाधार विकासका लागि** विभिन्न जातजाति तथा धर्म–संस्कृतिसँग सम्बन्धित मठ–मन्दिर, गुम्बा, चैत्य, विहार, माङ्गिम, माङखिम, स्यादरथान, पाटी–पौवा आदिको निर्माण तथा संरक्षणका लागि उचित बजेट विनियोजन गरेको छु ।

आर्थिक वर्ष २०८३/०८४ का लागि अनुमानित आय, संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, राजस्व बाँडफाँड, आन्तरिक आय तथा अन्य स्रोतबाट प्राप्त रकमसमेत गरी नगरपालिकाको कुल बजेट विनियोजन गरिएको छ ।

उक्त बजेटले “समृद्ध देउमाई, सुशासित देउमाई र आत्मनिर्भर देउमाई” निर्माणको आधार तयार गर्ने विश्वास लिएको छु ।

अन्त्यमा, बजेट निर्माण प्रक्रियामा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल, नागरिक समाज, सञ्चारकर्मी तथा सम्पूर्ण नगरवासीप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

धन्यवाद।

पविमाया राई
नगर उपप्रमुख
देउमाई नगरपालिका, मंगलबारे, इलाम।

# आर्थिक वर्ष २०८३/०८४ को बजेट वक्तव्य

पविमाया राई

संयोजक, (बजेट तथा कार्यक्रम तर्जुमा समिति)

देउमाई नगरपालिका

नगर सभामा प्रस्तुत मितिः-२०८३/३/१०